श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४०।१२।२६ को निर्णयानुसार कृषि विभाग अन्तर्गत देहायबमोजिम फार्म सिंचाइको अञ्चलस्तरीय कार्यालय स्थापना गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कोशी अञ्चल फार्म सिंचाइ कार्यालय, धनकुटा — १
२. जनकपुर अञ्चल फार्म सिंचाई कार्यालय, रामेछाप — १
३. धवलागिरि अञ्चल फार्म सिंचाइ कार्यालय, पर्वत — १
४. राप्ती अञ्चल फार्म सिंचाइ कार्यालय, चौरझारी — १

आज्ञाले,
विदुरकुमार थापा
श्री ५ को सरकारको नि. सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४१।८।१५ को निर्णयानुसार नेपाल प्रशासन सेवा राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

| क्र.सं. | नाम र थर | साविक पद र कार्यालय |
|---|---|---|
| १. | श्री मोतीरत्न तुलाधर | उप-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय । |
| २. | श्री नारायणकृष्ण जोशी | उप-सचिव, सामान्य प्रशासन मन्त्रालय । |

### सूचना २

श्री ५ को सरकारले मिति २०४१।९।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री विदुरबिक्रम अधिकारीलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१(३) बमोजिम सरकारी सेवाबाट अवकाश दिएको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।